# Bullsmen Club, Pokhara

**चौथो मिष्टर बुल्समेन खुल्ला राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिता-२०८०**

मिति : २०८० असोज ५ र ६ गते

## खेलाडी दर्ता फाराम

क्र.सं. मिति : २०८०/......./......

खेलाडीको नाम :..........................................................................

जन्म मिति :..........................................................................

ठेगाना :..........................................................................

ईमेल :............................................... मो.नं. :................................

सम्बन्धित क्लब/संघ/संस्थाको नाम :........................................................

फाराम भर्दा खेलाडीको शरिरको वजन (Body wt. in kg.) :................................

फोटो २ प्रति

हाल सम्म राष्ट्रियस्तरको प्रतियोगितामा भाग : ☐ लिएको ☐ नलिएको

हाल सम्म अन्तराष्ट्रियस्तरको प्रतियोगितामा भाग : ☐ लिएको ☐ नलिएको

| राष्ट्रिय/अन्तराष्ट्रियस्तरको प्रतियोगिताको नाम | भाग लिएको साल | प्राप्त गरेको स्थान |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

सम्बन्धित क्लब/संघ/संस्थाको छाप

**खेलाडीले प्रतियोगितामा सहभागी हुने विधा :**

- ☐ Men's Bodybuilding
  - ☐ 55 Kg.
  - ☐ 75 Kg.
  - ☐ 60 Kg.
  - ☐ 80 Kg.
  - ☐ 65 Kg.
  - ☐ 80+ Kg.
  - ☐ 70 Kg.
- ☐ Men's Physique
  - ☐ Upto 170 cm
  - ☐ Above 170 cm
- ☐ Women's Physique
- ☐ Women's Wellness

**प्रतियोगितामा सहभागी क्लब/संघ/संस्था तथा खेलाडीहरुले पालना गर्नु पर्ने नियमहरु :**

१) मिति २०८० असोज ३ गते साँझ सम्ममा पासपोर्ट साइजको २ प्रति फोटो, नेपाली नागरिकता वा राहदानी वा एनआरएन कार्डको प्रमाणित प्रतिलिपि सहित फाराम बुझाउनु पर्नेछ । अन्यथा फाराम मान्य हुने छैन ।

२) प्रतियोगिता अन्तराष्ट्रिय नियमानुसार खेलाइने छ र निर्णायक समितिको अन्तिम निर्णयनै पूर्ण स्वीकार्य हुनु पर्नेछ ।

३) प्रतियोगिता अवधिभर खेलाडीहरु, क्लब/संघ/संस्थाका प्रतिनिधिहरुबाट कुनै अभद्र व्यवहार, लागु औषध, मद्यपान तथा धुम्रपान जस्ता निषेधित पदार्थ प्रयोग गरेको पाइएमा तथा प्रतियोगिताको नियमहरुको पालना नगरेको ठहरेमा प्रतियोगितामा भाग लिन नपाउने गरी निलम्बित हुनेछ ।

**सम्पर्क नं.: ९८५६०१४१६१ (बिमल बहादुर खाँड), ९८०६५२००४८ (सक्षम गुरुङ)**

.................................................... .................................... ....................................

क्लब/संघ/संस्था प्रमुखको हस्ताक्षर खेलाडीको हस्ताक्षर दर्ता गर्नेको हस्ताक्षर

"बुल्समेनको आह्वान, युवाहरुको पहिचान"

# प्रतियोगिता सम्बन्धी नियम

१) चौथो मिष्टर बुल्समेन राष्ट्र व्यापी खुल्ला शारिरिक सुगठन प्रतियोगितामा जम्मा ७ ओटा वजन समुह जसमा ५५, ६०, ६५, ७०, ७५, ८० तथा ८० केजी तौल भन्दा माथिको समुह बिच प्रतिशपर्धा गराईने छ । त्यस्तै शारिरिक सुगठन बिद्या अन्तर्गत पुरुष फिजिक्स १७० से.मि. वा (<170cm) भन्दा कम र +170cm (१७० से.मि.) भन्दा माथि दुई समुह तथा महिला फिजिक्स महिला वेलनेस प्रतियोगितालाई खुल्ला समुह अन्तर्गत खेलाईने छ । एउटा क्लब र संघ र संस्थाबाट एउटा समुहमा बढीमा २ जना खेलाडीहरु गरि जम्मा २२ जना खेलाडीहरु र १ जना टिम म्यानेजरले प्रतियोगितामा भाग लिन तथा टिमको प्रतिनिधित्व गर्न पाउने छन् ।

२) खेलाडी तौल र उचाई मापन मिति २०८० असोज ४ गते बिहिबार हुनेछ भने, असोज ५ र ६ गते दुवै दिन क्रमश शुक्रबार र शनिबार प्रि-जजिङ राउण्ड तथा फाईनल प्रतियोगिता हुनेछ । प्रतियोगिताको पहिलो दिन खेलाडी तौल र उचाई मापन हुनेछ भने दोस्रो दिन प्रि-जजिङ राउण्ड तथा तेस्रो दिन फाईनलका राउण्डका खेलहरु संचालन हुनेछन् ।

३) प्रतियोगिताको कार्यक्रम अनुसार शरिरिक तौल तथा उचाई मापन बि.जि. बेन्क्वेट (B.G. Banquet) गोगंबु, काठमाण्डौमा बिहान ८ बजे बाट हुनेछ भने प्रि-जजिङ नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज, काठमाण्डौमा र फाइनल खेल हेरिटेज गार्डेन सानेपा, ललितपुरमा हुनेछ । सम्पुर्ण खेलाडी, टिम म्यानेजर, क्लब, संघ संस्थालाई उक्त समयमा आफ्नो सम्बन्धित क्लब वा संघ संस्थाको छाप सहित उपस्थित हुन अनुरोध छ । समयमा उपस्थित नहुने खेलाडीहरुलाई प्रि-जजिङमा समावेश गराईने छैन ।

४) खेलाडीहरुले प्राप्त गरेको ट्याग नं सुरक्षित राख्नु पर्नेछ । ट्याग नं. हराएमा रु.५००/- तिरेर नयाँ नं. प्राप्त गर्न सकिने छ । ट्याग कस्ट्युमको बायाँ पट्टि देखिने गरि लगाउनुपर्ने छ । सादा (एकै रंगको) कस्ट्युमको प्रयोग गर्नुपर्ने छ ।

५) प्रि-जजिङ प्रतियोगिता समाप्त भए लगतै फाइनलको लागि खेलाडीको नाम बुल्समेन क्लबको - Bullsmen Club को फेजबुक पेजमा सुचना प्रकाशन गरिने छ । शारिरीक सुगठन विद्या तर्फ छानिएका खेलाडीहरुले पेनड्राइभमा आफ्नो बढीमा एक मिनेटको धुन आयोजकलाई बुझाउनु पर्नेछ । अन्यथा फाइनलमा आयोजकको निर्देशन अनुसारको म्युजिक बजाइने छ । महिला फिजिक्स तथा महिला वेल्नेस विद्या अन्तर्गत भने परिचयात्मक राउण्ड तथा सामुहिक पोजिङको लागि अनुरोध गरिने छ । महिला फिजिक्स तथा वेल्नेस प्रतियोगितामा प्रतियोगिहरुले विकीनिमा प्रस्तुत हुनुपर्नेछ ।

६) खेलाडी तथा टिम मैनेजरहरुलाई परिचय पत्र वितरण तथा आवश्यक जानकारी असोज ४ गते बिहीवार शारिरीक तौल तथा उचाई मापनको बेला गरिने छ । सोहि बिहान टिम मेनेजरहरु सँग मिटिङ हुनेछ ।

७) प्रत्येक वजन समुहबाट ६ जना खेलाडीहरु मिति २०८० असोज ५ गते शुक्रबार प्रि-जजिङ प्रतियोगिताबाट छनौट भई ६ गते शनिबार हुने फाइनल राउण्डको फाइनल खेलमा प्रत्येक वजन समुहका खेलाडीहरु मध्ये पुरुष शारीरिक सुगठन प्रतियोगितामा प्रथम, द्धितिय, तृतिय हुने खेलाडीहरुलाई क्रमशः स्वर्ण पदकसहित नगद रु. ३५,०००, रजत सहित रु. २५,००० तथा काश्य सहित रु. २०,००० एवं प्रमाणपत्रले सम्मानित गरिनेछ । प्रतियोगितामा चौथो, पाचौं तथा छैटौं हुने खेलाडीहरुलाई प्रमाणपत्रले सम्मानित गरिनेछ । पुरुष शारिरीक सुगठन प्रतियोगितामा प्रत्येक समुहको समुहगत बिजेता खेलाडीहरु बिच प्रतिस्पर्धा गराई प्रथम हुने खेलाडीलाई चौंथौ मिस्टर बुल्समेनको उपाधि साथै नगद रु. ५,००,००० (पाँच लाख) पुरस्कार सहित ट्रफि तथा मेडल प्रदान गरिनेछ ।

८) प्रतियोगिता अर्न्तगत मेन फिजिक्सको प्रि-जजिङ राउण्डमा जम्मा ८ जना खेलाडीहरुलाई प्रि-जजिङ छनौट गरिने छ र सो सहित महिला फिजिक्स र महिला वेल्नेसको ६ गते शनिबार हुने फाइनल राउण्डको प्रतिस्पर्धाबाट प्रत्येक समुहका खेलाडीहरुमा प्रथम, द्धितिय र तृतिय खेलाडीहरुलाई क्रमश स्वर्ण, रजत तथा काश्य पदक एवं प्रमाण पत्रले सम्मानित गरिनेछ । प्रत्येक समुहमा प्रथम, द्धितिय र तृतिय हुने खेलाडीहरुलाई क्रमश नगद रु.१,००,०००/- रु.५०,०००/- तथा रु.३५,०००/- नगद सहित पुरस्कृत गरिनेछ ।

९) नाम दर्ता गराई सकेको खेलाडीहरुले प्रतियोगिताको बिचमा छोड्न पाउने छैन । प्रि-जजिङ प्रतियोगितामा समावेश भई छनौट भईसकेका प्रतियोगिहरुले फाईनल राउण्डमा अनुपस्थित भएको खण्डमा प्रतियोगिताबाट स्वत निस्कासन हुनेछ र बुल्समेन क्लवको नियम अनुसार यस क्लबद्धारा भविष्यमा आयोजना गरिने कुनैपनि प्रतियोगितामा समाबेश गराईनेछैन ।

१०) खेलाडी, टिम मेनेजर वा कुनै पनि संघसंस्थाहरुलाई कुनै खर्चको व्यवस्था गरिने छैन । सम्पुर्ण सहभागी खेलाडीहरुलाई निःशुल्क खेलाडी दर्ता फाराम वितरण गरिनेछ ।

११) खेलाडीहरुले weigh in को बेला बजन घटबढ भएमा अफिसियलले तोकिएको समय सिमा भित्र घटाउन तथा बढाउन पाउने छ । समय नाघेमा तौल मेसिनले देखाएको तौल अनुसारको समुहमा खेल्नुपर्नेछ । प्रतियोगितामा खेलाडीहरुले सहभागि हुन पाउने/नपाउने सम्बन्धी जानकारी weigh in को समयमा अवस्था हेरी निर्णयक कमिटिले निर्णय गर्नेछ ।

१२) प्रतियोगिताको निर्णयको सम्पुर्ण अधिकार निर्णायक कमिटिलाई हुनेछ ।

१३) माथि उल्लेखित नियमका सम्पुर्ण बुँदाहरु पढी पूर्ण रुपले सहमत भई प्रतियोगितामा सहभागिता जनाएको छ ।

..................................
खेलाडीको हस्ताक्षर